## चौथो गाउँ कार्यपालिकाको बैठक

### कपुरकोट गाउँपालिका, सल्यान

---

आज मिति २०८२ साल कार्तिक ३० गते दिउसो १०:३० बजे यस कपुरकोट गाउँपालिकाका अध्यक्ष श्री दुर्गा बहादुर पुनज्यूको अध्यक्षतामा गाउँ कार्यपालिका सदस्यज्यूहरुको उपस्थितिमा कपुरकोट गाउँपालिकाको चालु आ.व. २०८२/०८३ को चौथो गाउँ कार्यपालिकाको बैठक बसी देहायका प्रस्तावहरु माथी छलफल गरी देहाय वमोजिम निर्णय गरियो ।

**उपस्थिती :**

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री दुर्गा वहादुर पुन | गाउँपालिका अध्यक्ष | |
| २ | श्री प्रकाश भरारी | गाउँपालिका उपाध्यक्ष | |
| ३ | श्री वालाराम खड्का | वडा अध्यक्ष वडा नं. १ | |
| ४ | श्री इश्वर बुढा | वडा अध्यक्ष वडा नं. २ | |
| ५ | श्री प्रदिप खड्का | वडा अध्यक्ष वडा नं. ३ | |
| ६ | श्री मित्रलाल कठायत | वडा अध्यक्ष वडा नं. ४ | |
| ७ | श्री होमराज खड्का | वडा अध्यक्ष वडा नं. ५ | |
| ८ | श्री श्याम कृष्ण वोहरा | वडा अध्यक्ष वडा नं. ६ | |
| ९ | श्री विमल कामी | कार्यपालिका सदस्य | |
| १० | श्री तिला कुमारी कामी | कार्यपालिका सदस्य | |
| ११ | श्री राधिका ऐरी | कार्यपालिका सदस्य | |
| १२ | श्री रेवती सुनार | कार्यपालिका सदस्य | |
| १३ | श्री अनिता पून | कार्यपालिका सदस्य | |
| १४ | श्री तीला बुढाथोकी रोका | कार्यपालिका सदस्य | |
| १७ | श्री दिनेश पौडेल | सचिव, प्रमुख प्रशासकीय अधिकृत | |
| सहयोगी कर्मचारीहरु | | | |
| १ | श्री नेत्र नारायण भण्डारी | शाखा अधिकृत | |
| २ | श्री रोमहर्ष के.सी. | अधिकृत द्वितीय (प्रशासन) | |
| ३ | श्री केसर सिं खड्का | की.प. | |
| ४ | | | |

प्रमुख प्रशासकीय अधिकृत

आ.व. २०८२/०८३ को चौथो गाउँ कार्यपालिका बैठकका प्रस्तावहरु :

१. कार्यपालिकाको वैठकको समीक्षा सम्वन्धमा।

२. करार सेवाका कर्मचारीहरुको म्याद थप सम्वन्धमा

३. जलवायु परिवर्तन स्थानीय अनुकूलन पैरियोजना(LACCP) कार्यान्वयनका लागि लागत साझेदारी सम्वन्धमा।

४. विविध विषयमा गाउँपालिकाको ठेक्का नं. KMUN/SQ/WORKS-01-2081/082 अन्तर्गतको सडकमा थप परिमाणमा काम गराउने सम्वन्धमा।

५. नेपाल राष्ट्रिय माध्यामिक विद्यालय कपुरकोट-४, सल्यानमा भएको क्षति सम्वन्धमा।

६. आ.व. २०८२/०८३ को स्वीकृत योजना "सार्वजनिक शौचालय निर्माण कपुरकोट वजार" को स्थान छनौट सम्वन्धमा।

७. आ.व. २०८२/०८३ को वार्षिक स्वीकृत योजना "खुला व्यामशाला तथा आरोग्य केन्द्र निर्माण" गर्ने स्थान छनौट सम्वन्धमा।

८. विविध

८.१. भू-उपयोग योजना तथा कित्तागत विवरण स्वीकृत सम्वन्धमा।

८.२: कपुरकोट गतिविधि समेटी रेडियो कार्यक्रम सञ्चालन सम्वन्धमा।

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

## २०८२ कार्तिक ३० गते बसेको आ.व. २०८२/०८३ को चौथो गाउँ कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु

| प्रस्ताव नं. | प्रस्ताव | संक्षिप्त व्यहोरा | प्रस्तावित निर्णय | निर्णय | सम्वन्धित शाखा |
|---|---|---|---|---|---|
| १. | कार्यपालिका वैठकको समीक्षा सम्वन्धमा। | विगतका कार्यपालिकाको वैठकवाट निर्णय भए गरेका निर्णयहरुको कार्यान्वयन र सोको प्रभावको वारेमा समेत समीक्षा गर्नु पर्ने। | हालसम्म गाउँकार्यपालिकाको वैठकवाट भए गरेका निर्णयहरु र सोको कार्यान्वयनको सम्वन्धमा प्रमुख प्रशासकीय अधिकृतवाट प्रगती विवरण प्रस्तुत भई समीक्षा गर्दा निर्णयहरुको कार्यान्वयनमा सिघ्रता देखिएको र उपभोक्ता समितिवाट हुने योजनाहरुको संझौताको कार्य प्रगति सन्तोषजनक रहेको भए पनि पूर्वनिर्धारित समयमा सम्पन्न नभएको देखियो। आगामि दिनमा योजना कार्यान्वयनमा सम्वन्धित वडाका जनप्रतिनिधिहरु र सम्वद्ध शाखाका कर्मचारीहरुले तदारुकता प्रदान गर्नु पर्ने। | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । | योजना तथा प्रशासन शाखा |
| २. | करार सेवाका कर्मचारीहरुको म्याद थप सम्वन्धमा। | करार सेवाका कर्मचारीहरुको सेवा करार अवधि २०८२ असोज मसान्तमा समाप्त भएकोले गाउँपालिकावाट प्रदान गरिने सेवा सञ्चालनको लागि करार सेवाका कर्मचारीहरुको करार अवधि थप गरी कामकाजमा लगाउनु पर्ने भएको। | गाउँसभाको सत्रै अधिवेशनवाट आर्थिक वर्ष २०८२/०८३ को लागि करार सेवामा कार्यरत कर्मचारीहरुको सेवा करार नविकरण गर्ने गरी आवश्यक वजेट समेत व्यवस्था गर्ने निर्णय भए. वमोजिम आर्थिक वर्ष २०८२/०८३ को लागि असोज मसान्त सम्मका लागि सुरु ३(तीन) महिनाको लागि नविकरण गरिएकोमा सम्वद्ध स्वास्थ्य संस्था, वडा कार्यालय र शाखाहरुवाट करारको जनश्क्तिको आवश्यक रहेकोले नविकरणको लागि सिफारिस गरेले हाललाई थप तीन महिनाको लागि करारमा कार्यरत सम्पूर्ण कर्मचारीहरुको करार सेवा नविकरण | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । | प्रशासन शाखा |

Scanned with CamScanner

| | | | | | |
|---|---|---|---|---|---|
| ३. | जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना(LACCP) कार्यान्वयनका लागि लागत साँझेदारी सम्बन्धमा। | जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना ( सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८२ को दफा ६ को उपदफा २(घ) वमोजिम पुँजिगत शिर्षकमा कम्तिमा २०(वीस) प्रतिशत लागत साँझेदारी गर्नु पर्ने भएको। | जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना ( सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८२ को दफा ६ को उपदफा २(घ) वमोजिम उक्त परियोजना छनौटका लागि सम्वन्धित स्थानीय तहले पुँजिगत शिर्षकमा कम्तिमा २०(वीस) प्रतिशत लागत साँझेदारी गर्नु पर्ने भएकोले चालु आ.व.मा यस कपुरकोट गाउँपालिकामा उक्त परियोजना कार्यान्वयन हुने गरी छनौट भएमा गाउँपालिकावाट चालु आ.व. २०८२/०८३ मा साँझेदारी कोषमा विनियोजित वजेट र नपुग रकम संशोधन गरी वजेट सुनिश्चित गर्ने गरी उक्त परियोजनामा यस गाउँपालिकाको तर्फवाट २२ प्रतिशत लागत साझँदारी गर्ने प्रतिवद्धता सहितको निर्णय स्वीकृत गर्ने र सोहि वमोजिम परियोजना प्रस्ताव पेश गर्ने। | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । | योजना शाखा |
| ४. | गाउँपालिकाको ठेक्का नं. KMUN/SQ/WORKS-०१-२०८१/०८२ अन्तर्गतको सड्कमा थप परिमाणमा काम गराउने सम्वन्धमा। | गाँउपालिकाको चालु ठेक्का नं. KMUN/SQ/WORKS-०१-२०८१/०८२ अन्तर्गको सडक वडा नं.३ मा पर्ने जम्पानी फलाटे कृषि सडक वाटो निर्माण योजना र गोठेरी कृषि सडक ट्र्याक निर्माण योजना वडा नं. ३ सडकमा विविध कारणले सडक विस्तारको कार्य गर्न नसकिने भन्ने वडा कार्यालयको सिफारिस प्राप्त भएको उक्त सडकमा विनियजित रकम मध्येवाट मुलपानी मंग्रा जम्पानी सडक निर्माण योजना र सालघारी पेठ र सिमेनी मसानघाट सडकमा थप कार्य गराउनु पर्ने। | गाँउपालिकाको चालु ठेक्का नं. KMUN/SQ/WORKS-०१-२०८१/०८२ अन्तर्गको सडक वडा नं.३ मा पर्ने जम्पानी फलाटे कृषि सडक वाटो निर्माण योजना र गोठेरी कृषि सडक ट्र्याक निर्माण योजना वडा नं. ३ सडकमा विविध कारणले सडक विस्तारको कार्य गर्न नसकिने भन्ने वडा कार्यालयको सिफारिस प्राप्त भएको उक्त सडकमा विनियजित रकम मध्येवाट मुलपानी मंग्रा जम्पानी सडक निर्माण योजना र सालघारी पेठ र सिमेनी मसानघाट सडकमा संझौता भएको BOQ मा २५ प्रतिशत नवढ्ने गरी संझौता परिमाणमा भेरिएसन गरी थप कार्य गराउने। | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । | पूर्वाधार शाखा |

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

| | | | | | |
|---|---|---|---|---|---|
| ५. | नेपाल राष्ट्रिय माध्यामिक विद्यालय कपुरकोट-४, सल्यानमा भएको क्षति सम्वन्धमा। | मिति भदौ १५-१८ गते २०८२ मा परेको चटयाङ्गो कारण नेपाल राष्ट्रिय मा.वि. किमिचौरमा विद्युतीय उपकरणमा क्षति भई पठनपाठनमा कठिनाई भएकोले आवश्यक सामग्री उपलब्ध गराइपाउँ भनि विद्यालय व्यवस्थापन समितिको निर्णय र प्रहरी सर्जमिन मुचुल्का सहित अनुरोध पत्र प्राप्त भएको। | चटयाङ्गो कारण नेपाल राष्ट्रिय मा.वि. किमिचौरमा विद्युतीय उपकरणमा क्षति भई पठनपाठनमा कठिनाई भएकोले आवश्यक सामग्री उपलब्ध गराइपाउँ भनि विद्यालय व्यवस्थापन समितिको निर्णय र प्रहरी सर्जमिन मुचुल्का सहित अनुरोध पत्र प्राप्त भएकोले विपद् व्यवस्थापन समितिवाट निर्णय गराई गाउँपालिकाको विपद् व्यवस्थापन कोष वा विविध खर्च कोषवाट अत्यावश्यक सामग्रीहरु खरिद गरी उपलब्ध गराउने। | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । | शिक्षा युवा तथा खेलकुद शाखा |
| ६. | आ.व. २०८२/०८३ को स्वीकृत योजना "सार्वजनिक शौचालय निर्माण कपुरकोट वजार" को स्थान छनौट सम्वन्धमा। | आ.व. २०८२/०८३ को स्वीकृत योजना "सार्वजनिक शौचालय निर्माण- कपुरकोट वजार" का लागि रु.१० लाख विनियोजन भएकोले उक्त योजना कार्यान्वयनका लागि उपयुक्त स्थान निर्धारण गर्नु पर्ने। | आ.व. २०८२/०८३ को स्वीकृत योजना "सार्वजनिक शौचालय निर्माण कपुरकोट वजार" का लागि रु.१० लाख विनियोजन भएकोले कपुरकोट वजारको पश्चिम तथा गाउँकार्यपालिका कार्यालयको दक्षिण तर्फ पाखापानी जाने सडक छेउमा रहेको खुला स्थानमा उक्त सौचालय निर्माण गर्ने गरी स्थान निर्धारण गर्ने साथै उक्त योजना वजार व्यवस्थापन समितिसंग संझौता गरी कार्यान्वयन गरी कपुरकोट वजार व्यवस्थापन समितिलाई सञ्चालनको जिम्मेवारी सहित हस्तानतरण गर्ने। | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । | योजना तथा प्रशासन शाखा |
| ७. | आ.व. २०८२/०८३ को वार्षिक स्वीकृत योजना "खुला व्यामशाला तथा आरोग्य केन्द्र निर्माण" गर्ने स्थान छनौट सम्वन्धमा। | आ.व. २०८२/०८३ को वार्षिक स्वीकृत योजना "खुला व्यामशाला तथा आरोग्य केन्द्र निर्माण" योजनामा रु.9 लाख रकम विनियोजन भएकोले सोको कार्यान्वयको लागि सार्वजनिक, सरकारी वा सामुदायिक स्थान निर्धारण गर्नु पर्ने। | आ.व. २०८२/०८३ को वार्षिक स्वीकृत योजना "खुला व्यामशाला तथा आरोग्य केन्द्र निर्माण" योजनामा रु.९ लाख रकम विनियोजन भएकोमा सो सम्वन्धमा कालिका माध्यामिक विद्यालय, कपुरकोटको पुरानो फील्ड उपयुक्त भएको र उक्त फिल्डमा सार्वजनिक निर्माणको लागि सो फिल्ड कपुरकोट गाउँपालिकालाई उपलब्ध गराउने भनी विद्यालय व्यवस्थापन समितिवाट भएको निर्णयको प्रति समेत प्राप्त भएकोले हाल कभडहल | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । | योजना तथा प्रशासन शाखा |

प्रमुख प्रशासकीय अधिकृत

| | | | | | |
|---|---|---|---|---|---|
| | | | निर्माण भईरहेको मैदानमा खुला व्यामशाला तथा आरोग्य केन्द्र निर्माण गरी उक्त मैदानलाई स्पोट सेन्टरको रुपमा विकास गर्ने र सञ्चालनका लागि कालिका माध्यामिक विधालयलाई हस्तान्तरण गर्ने। | | |
| ८. | विविध | ८.१.भू-उपयोग योजना तथा कित्तागत विवरण स्वीकृत सम्वन्धमा। | कपुरकोट गाउँपालिका र घर इन्जिनियरिङ कन्सल्टेन्सी, पोखरावीच भएको संझौता अनुसार सम्वन्धित कन्सल्टेन्सीवाट प्राप्त भई आएको कपुरकोट गाउँपालिकाको भु उपयोग योजनाको कित्तागत विवरणलाई स्वीकृत गरी जिल्ला नापी कार्यालय, सल्यान खलङ्गामा पेश गर्ने। | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । | भुमी शाखा |
| | | ८,२. कपुरकोट गतिविधि समेटी रेडियो कार्यक्रम सञ्चालन सम्वन्धमा। | कपुरकोट गाउँपालिकाले चालु आर्थिक वर्षमा गरेका नविनतम गतिविधि र विषयगत कार्यप्रगतीलाई समूचित ढङ्गले प्रकाशन गरी आम नागरिकलाई शुसूचित गर्ने अभिप्रायका साथ कपुरकोट गतिविधि रेडियो कार्यक्रम सञ्चालन गर्न उपयुक्त देखिएकोले कपुरकोटमा सञ्चालित स्थानीय रेडियो कपुरकोटसंग संझौता गरी श्रव्यदृष्य सामग्री उत्पादन तथा प्रशारण गर्ने।सोको लागि सूचना छपाई तथा प्रशारण शिर्षकमा विनियोजित वजेट मध्येवाट ५० प्रतिशत साझेदारीमा संझौताका आधारमा गाउँपालिकावाट रु.२ लाख प्रदान गर्ने। | पेश भए बमोजिम स्वीकृत गर्ने | प्रशासन तथा योजना शाखा |